# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल




## वार्षिक प्रगति प्रतिवेदन २०७८/०७९

# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल
## कार्यसमिति (२०७७ – ०७९)



**पद्मिनी प्रधानाङ्ग (अध्यक्ष)**



**बुद्धि नारायण श्रेष्ठ (उपाध्यक्ष)**



**मुकुन्द बहादुर प्रधान (महासचिव)**



**किरण थापा (कोषाध्यक्ष)**



**सागर राज शर्मा (सदस्य)**



**राष्ट्रिय व्यावसायिक पहल (सदस्य)**
(सुरेन्द्र वीर मालाकार, प्रतिनिधि)



**कृष्ण ज्ञवाली (सदस्य)**



**आर्या श्रेष्ठ (सदस्य)**



**मदन कृष्ण शर्मा (सदस्य)**

उपस्थिति



आशिष थापा (कार्यकारी निर्देशक)

# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल मानार्थ र साधारण सदस्य
## (कार्यसमिति बाहेक)

### मानार्थ सदस्य

१. डा. देवेन्द्रराज पाण्डे
२. श्री अम्बिका श्रेष्ठ
३. श्री दामोदर प्रसाद गौतम
४. श्री केदार भक्त माथेमा
५. श्री कृष्ण प्रसाद भण्डारी
६. प्रा.डा. भगवान कोइराला

### सदस्य

१. श्री खेमराज रेग्मी, सदस्य
२. श्री भरत बहादुर थापा, सदस्य
३. श्री बिष्णु बहादुर के.सी., सदस्य
४. श्री सविता भण्डारी बराल, सदस्य
५. डा. राम दयाल राकेश, सदस्य
६. श्री गीता केशरी, सदस्य
७. श्री महादेव प्रसाद यादव, सदस्य
८. श्री आनन्द राज मुल्मी, सदस्य
९. श्री रामकृष्ण मानन्धर, सदस्य
१०. श्री रमेश नाथ ढुङ्गेल, सदस्य
११. श्री आदित्य मान श्रेष्ठ, सदस्य
१२. श्री सुरेन्द्र वीर मालाकार, सदस्य
१३. श्री सीताराम अग्रहरी, सदस्य
१४. श्री लीलाप्रसाद सापकोटा, सदस्य
१५. श्री सोमराज सिग्देल, सदस्य
१६. श्री भीम बहादुर श्रेष्ठ, सदस्य
१७. श्री चिन्तामणी योगी, सदस्य
१८. श्री शरच्चन्द्र वस्ती, सदस्य
१९. श्री तोया गुरुङ, सदस्य
२०. डा. विश्व केशर मास्के, सदस्य
२१. डा. मीना आचार्य, सदस्य
२२. डा. पोषराज पाण्डे, सदस्य
२३. श्री दीपकुमार उपाध्याय, सदस्य
२४. श्री सूर्यनाथ उपाध्याय, सदस्य
२५. श्री प्रेम राज पन्त, सदस्य
२६. श्री कनक विक्रम थापा, सदस्य
२७. डा. सुरेश राज चालिसे, सदस्य
२८. डा. विजय के.सी., सदस्य
२९. डा. अनुशुया जोशी, सदस्य
३०. डा. ईश्वर प्रसाद उपाध्याय, सदस्य
३१. श्री भोजराज पोखरेल, सदस्य
३२. श्री मुकुन्द शर्मा पौडेल, सदस्य
३३. श्री वरुण प्रसाद श्रेष्ठ, सदस्य
३४. डा. रेवत बहादुर कार्की, सदस्य
३५. डा. विमल प्रसाद कोइराला, सदस्य
३६. श्री पवन कुमार ओझा, सदस्य
३७. श्री केशव प्रसाद आचार्य, सदस्य
३८. श्री जयराम सिंह बोहरा, सदस्य
३९. श्री प्रकाश ए राज, सदस्य
४०. श्री दोलख बहादुर गुरुङ, सदस्य
४१. डा. सूर्य प्रसाद शर्मा ढुङ्गेल, सदस्य
४२. श्री राजुमान सिंह मल्ल, सदस्य
४३. श्री राम प्रसाद श्रेष्ठ, सदस्य
४४. श्री गीता अर्याल, सदस्य
४५. श्री खेमराज पाण्डेय, सदस्य
४६. श्री सुरेन्द्र बहादुर भारीजु, सदस्य
४७. श्री महेन्द नारायण श्रेष्ठ, सदस्य
४८. श्री राजेश्वर नेपाली, सदस्य
४९. श्री चण्डेश्वर आचार्य, सदस्य
५०. श्री हरिबहादुर थापा, सदस्य
५१. श्री सुनिता गुरुङ्ग, सदस्य
५२. श्री सगुना शाह
५३. श्री सरस्वती पोखरेल
५४. श्री रोजी (अधिकारी) पनेरु
५५. श्री सुष्मा कर्ण
५६. श्री राजेश जोशी
५७. श्री सीता भट्ट

# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल
# वार्षिक प्रगति प्रतिवेदन २०७८/०७९
### (७ असोज २०७९ मा सम्पन्न हुने २७ औं वार्षिक साधारणसभामा महासचिव मुकुन्द बहादुर प्रधानद्वारा प्रस्तुत गरिने)

## १. परिवेश

यस वर्ष पनि राष्ट्रिय सदाचार प्रणाली सुदृढ हुने कार्यमा अपेक्षित सुधार हुन सकेको देखिएको छैन । संघीय संरचना सुदृढ हुने र आम-नागरिकको जीवनस्तरमा प्रभाव पर्ने अपेक्षा व्यवहारमा कार्यान्वयन हुन सकेको छैन । भ्रष्टाचार विरुद्धको राजनीतिक प्रतिवद्धता र शून्य संवेदनशीलता नारामा मात्र रहेको बुझाई बढ्दै गएको छ । प्रमुख संवैधानिक निकायहरूको भूमिका दृढ हुन नसक्नु, संसद्को बारम्बार विघटन र पुनःस्थापना तथा सरकार परिवर्तनले जनअपेक्षालाई सम्बोधन गर्न सकेको छैन ।

सरकारको योजना र कार्यान्वयनले जनताको अपेक्षालाई सम्बोधन गरेको अनुभूति हुन नसक्दा नागरिकहरूमा वितृष्णा बृद्धि भएको छ । समृद्धिका लागि आवश्यक आर्थिक विकास निर्माण र सार्वजनिक सेवाप्रवाहले सही दिशा लिन सकेको छैन । भौतिकवादी लालच, छिटो पैसा कमाउने लालसा र सार्वजनिक कार्यालयहरूमा अख्तियारको दुरुपयोगका बीच निष्ठाको मूल्य गुमेको देखिन्छ । राजनीतिक खिचातानी, नेताहरूको महत्वाकांक्षा र कानूनको चलखेल नियन्त्रण हुन नसक्नुले अस्थिरता बढ्न पुगेको छ । प्रत्यक्ष वा परोक्षरुपमा यी कारकहरूले सरकार, संसद्, अदालत, सार्वजनिक क्षेत्र, कानून प्रवर्तन निकायहरू, भ्रष्टाचारविरोधी निकायहरू, मिडिया, नागरिक समाज, राजनीतिक दल र निजी क्षेत्रको भूमिकालाई प्रभावित गरेको छ ।

राज्यका तीन अंगहरू कार्यपालिका, विधायिका र न्यायपालिकाद्वारा आफ्नो काम-कारबाहीमा जनताको मन जित्ने गरी व्यवस्थित हुन जरुरी छ । फलस्वरूप राज्य-निकायहरू वा नीजि तथा गैर-सरकारी निकायहरूमा त्यसको प्रत्यक्ष प्रभाव देखिन सक्छ । भ्रष्टाचार गर्नेलाई कारबाही र यस विषयलाई सबैले गम्भीररुपमा लिन जरुरी छ । राज्यले यस विषयमा ठोसरुपमा अगाडि बढ्नुपर्ने आवश्यकता रहेको छ ।

यद्यपि, स्थानीय तहको निर्वाचन समयमै सम्पन्न हुनु र त्यसपछि स्थानीय सरकार गठन हुनु सरकारात्मक पक्ष रहेको छ । भ्रष्टाचार विरुद्ध विभिन्न निकायबाट केही सकारात्मक पहल समय-समयमा भएको भए तापनि त्यसबाट तात्विक असरचाहिँ पर्न सकेको छैन । जनताको चेतना फरक किसिमले बढेको छ, जुन कुरा केही स्थानीय तहको निर्वाचनमा स्वतन्त्र व्यक्तिहरूको विजय र राजनीतिक दलको पराजयले देखाएको छ । नागरिकले आफ्ना धारणाहरू राख्ने, सचेत गराउने, जानकारी माग गर्नेजस्ता कार्यहरू गरिरहे नीति-निर्माण र कार्यान्वयन गर्ने निकायलाई थप दवाब सिर्जना हुन पुग्नेछ ।

भविष्यमा सुधार र स्थायित्वको सम्भावना भने देखिएको छ । स्थानीय तहको निर्वाचनले सुशासन, उचित सार्वजनिक सेवाप्रवाह र निष्ठाका लागि राजनीतिक इच्छाशक्तिलाई प्रेरित गरेको छ । त्यो उपलब्धिलाई पुँजीकरण गर्दै प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन समयमै सम्पन्न गरी संघीय अभ्यासको दोस्रो चक्रको नयाँ थालनी गर्न सकिन्छ । निःसन्देह, संवैधानिक निकायहरूलाई स्वतन्त्र र आफ्नो भूमिका निर्वाह गर्न सक्षम बनाउन सबै सरोकारवालाहरू चनाखो हुनुपर्छ । राष्ट्रिय सदाचार प्रणालीका स्तम्भहरू सक्षम पार्न थप प्रयासहरूलाई सबैले समर्थन गर्नुपर्छ ।

## २. संस्थाका गतिविधि

२०५३ सालमा स्थापना भएदेखि नै भ्रष्टाचारको विरोध तथा सदाचार, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा सक्रिय रहेको यस संस्थाले आर्थिक वर्ष २०७८/०७९ मा (२६ औंदेखि २७ औं वार्षिक साधारणसभासम्म) आफ्नो अभियानलाई समय/सापेक्ष बनाई निरन्तरता विविध क्रियाकलाप अघि बढाएको छ ।

### २.१ कार्यसमितिका पहल–कदमी

#### क. २६ औं वार्षिक साधारणसभाको निर्णय कार्यान्वयन

ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको २६ औं वार्षिक साधारणसभा २०७८ असोज १८ गते काठमाडौंमा आयोजना भएको थियो । साधारणसभामा टीआई नेपालका ६० मध्ये ३१ सदस्यको उपस्थिति रहेको थियो । संस्थाको अध्यक्ष श्री पद्मिनी प्रधानाङ्गको अध्यक्षतामा सम्पन्न सभामा थप सक्रियता बढाउनुपर्ने, सहकार्यमा बृद्धि हुनुपर्ने, स्रोतको व्यवस्था गर्नुपर्ने, प्रभाव मूल्यांकन गर्नुपर्ने, नीतिगत भ्रष्टाचारबारे सशक्त आवाज उठाउनुपर्ने सुझाव सदस्यहरूबाट प्राप्त भएको थियो ।



२६ औं साधारणसभाको प्रमुख निर्णय :

- संस्थाले सम्पन्न गरेका विभिन्न क्रियाकलापहरू विस्तृतरुपमा उल्लेख गरी अग्रिमरुपमा सदस्यहरूलाई उपलब्ध गराइएको ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको वार्षिक प्रगति प्रतिवेदन २०७७/०७८ संस्थाका महासचिव श्री मुकुन्द बहादुर प्रधानद्वारा प्रस्तुत गरी छलफल भएपश्चात् सर्वसम्मतिद्वारा स्वीकृत ।
- संस्थाको आम्दानी र खर्चको विस्तृत विवरण उल्लेख गरी अग्रिमरुपमा सभा-सदस्यहरूलाई उपलब्ध गराइएको ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको आर्थिक वर्ष २०७७/०७८ को लेखा-परीक्षण प्रतिवेदन संस्थाका कोषाध्यक्ष श्री किरण थापाद्वारा प्रस्तुत गरी छलफल भएपश्चात् सर्वसम्मतिद्वारा स्वीकृत ।
- आर्थिक वर्ष २०७८/०७९ का लागि लेखा-परीक्षकको रुपमा पी.एम. एण्ड एशोसिएट्सलाई पुनः नियुक्ति । लेखा-परीक्षकको पारिश्रमिक करबाहेक रु. ५०,०००/- रहने कोषाध्यक्षको प्रस्ताव स्वीकृत ।

## ख. पदाधिकारीको सक्रियता

संस्थाका कार्यसमिति पदाधिकारीहरूद्वारा मुख्य सरोकारवाला निकायका विभिन्न कार्यक्रममा सक्रियतापूर्वक सहभागिता जनाइएको छ । बागमती र सुदूरपश्चिम सरकारसँग भएको सार्वजनिक खरिदसम्बन्धी छलफल र कार्यक्रमहरूमा संस्थाका अध्यक्ष श्री पद्मिनी प्रधानाङ्गद्वारा भाग लिइएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपालगञ्जमा सम्पन्न गरेको जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रममा समेत संस्थाको तर्फबाट अध्यक्षको सहभागिता रहेको छ । अर्थ मन्त्रालयअन्तर्गतको सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय (पेफा)को सार्वजनिक वित्तीय व्यवस्थापन सुधार निर्देशक समिति र महालेखा-परीक्षक कार्यालयअन्तर्गतको लेखा-परीक्षण सल्लाहकार समिति बैठकहरूमा सदस्यको रुपमा संस्थाको तर्फबाट अध्यक्षले सहभागिता जनाउने गरिएकोमा यस वर्ष पनि सो कार्यले निरन्तरता पाएको छ । त्यसैगरी, नेपाल उद्योग वाणिज्य महासंघसँग काठमाडौं र वीरगञ्जमा आचार-संहितासम्बन्धी छलफलमा संस्थाका महासचिव श्री मुकुन्द बहादुर प्रधानको सहभागिता रहेको छ । संस्थाका उपाध्यक्ष श्री बुद्धि नारायण श्रेष्ठ र कोषाध्यक्ष श्री किरण थापाको अन्य संस्थाका कार्यक्रमहरूमा सहभागिता रहेको छ । अध्यक्ष, महासचिव तथा पदाधिकारीहरूले काठमाडौं उपत्यकाका जिल्ला समन्वय समितिलगायत विभिन्न महानगरपालिका तथा नगरपालिकाका प्रमुख तथा उपप्रमुखहरूसँग पनि आपसी हितका लागि भेटघाट गर्नुभएको छ । पदाधिकारी तथा सदस्यहरूले रेडियो कार्यक्रमहरूमा समय-समयमा संस्थागत धारणा पनि राख्दै आउनुभएको छ ।




*अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आयोजना गरेको जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम, बाँके*



*नेपाल उद्योग वाणिज्य महासंघसँग भएको बैठक तथा भेटघाट, काठमाडौं*

## ग. समितिका निर्णय कार्यान्वयन

२६ औं र २७ औं साधारणसभाबीच ७ पटक कार्यसमिति र ३ पटक व्यवस्थापन उपसमितिको बैठक सम्पन्न भएका छन् । ती बैठकका निर्णय कार्यान्वयन गर्न गरिएका मुख्य कार्य निम्नबमोजिम रहेका छन् :

- रणनीतिक योजना तर्जुमा गर्न परामर्शदातामा प्रा.डा. लक्ष्मण ज्ञवालीको नियुक्ति । टीआई नेपालको ५ वर्षे (२०२३-२०२७) रणनीतिक योजनाको तर्जुमा ।
- चितवनमा संस्थाको आवद्ध संस्थाहरूको भेला, भ्रष्टाचारको स्थितिबारे छलफल र सुझाव संकलन ।
- परियोजना कर्मचारी र परामर्शदाताहरूको करारनामा डिसेम्बर २०२२ सम्मका लागि नवीकरण ।
- भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवसका अवसरमा नेपाल उद्योग बाणिज्य महासंघको संग्लनतामा आचार-संहितासम्बन्धी छलफल ।
- संस्थाको सदस्यता विस्तार गर्न महासचिव मुकुन्द बहादुर प्रधानको संयोजकत्वमा सुरेन्द्र वीर मालाकार र आर्या श्रेष्ठ सदस्य रहेको ३ सदसीय सदस्यता उपसमिति गठन र सुझाव पेश ।

- सदस्यता उपसमितिबाट सिफारिस भएकामध्ये संस्थाको अभियानमा सक्रिय सहयोग गर्न सक्ने महिला/युवाको प्रतिनिधित्व संस्थामा बढाउन र हाल रहेको सदस्य संख्याको १०% सम्ममात्र सदस्यता वृद्धि गर्न विभिन्न क्षेत्रमा सक्रिय रहेका निम्न ६ व्यक्तिहरूलाई संस्थाको सदस्यता प्रदान :

| क्रसं | नाम | स्थायी ठेगाना | लिङ्ग | उमेर | क्षेत्र/पेशा | जातीय समूह | शिक्षा | मुख्य अनुभव/योगदान |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री सगुना शाह | काठमाडौं | महिला | ४० | प्राध्यापन/लेखन/अनुवाद | ठकुरी | एम.ए. (अंग्रेजी) | ८ वर्ष अध्यापन र लेखन अनुभव |
| २.. | श्री सरस्वती पोखरेल | स्याङ्जा | महिला | ४८ | प्राध्यापन/पत्रकारिता/साहित्य लेखन | ब्राह्मण | एम.ए. (सोसियोलजी) | १० वर्ष प्राध्यापन र ३ वर्ष पत्रकारिता अनुभव |
| ३. | श्री रोजी (अधिकारी) पनेरु | ललितपुर | महिला | ५३ | पूर्व कर्मचारी, टीआई नेपाल, परामर्शदाता | ब्राह्मण | एम.बी.ए. | १५ वर्ष गैर-सरकारी संस्थाको कार्यानुभव |
| ४. | श्री सुष्मा कर्ण | सिरहा | महिला | ३२ | रेडियो पत्रकारिता | मधेशी | बी.एड. | ५ वर्ष पत्रकारिताको अनुभव |
| ५. | श्री राजेश जोशी | काठमाडौं | पुरुष | ४३ | व्यवस्थापन | नेवार | एम.एच.एम. | कलेज व्यवस्थापनको अनुभव |
| ६. | श्री सीता भट्ट | गोरखा | महिला | ४१ | वकालत | ब्राह्मण | एल.एल.बी./एम.ए. (प्रेश ल) | ७ वर्ष वकालत अनुभव |

- संस्थाको सदस्यता शुल्क निम्नबमोजिम परिमार्जन :
  - साधारण सदस्य प्रवेश शुल्क रु. १,०००/- वार्षिक शुल्क रु. १,०००/-
  - संस्थागत सदस्य प्रवेश शुल्क रु. ५,०००/- वार्षिक शुल्क रु. ५,०००/-
- संस्थाको २७ औं स्थापना दिवसको अवसरमा भ्रष्टाचार निवारणसम्बन्धी विचाराधीन विधेयक विषयक विचार गोष्ठी आयोजना ।
- पूर्व कर्मचारी सेवा परिषद् नेपालसँग 'सरकारप्रतिको जनविश्वास' विषय कार्यपत्रसहित संघीय, प्रदेश र स्थानीय सरकार/कार्यालयका प्रतिनिधिको उपस्थितिमा छलफल कार्यक्रम आयोजना ।
- संस्थाका बाह्य दातृ निकायहरूको प्राप्त सहयोगमध्ये एकबाहेक सबै परियोजनाहरूको अवधि समाप्त भएको सन्दर्भमा स्रोत बढाउन नेपाल सरकार र स्थानीय सरकारको सहयोगका लागि पहल । साथै, अन्तर्राष्ट्रिय दातृ निकाय, दूतावासहरूसँग परियोजना विशेष सहयोगका लागि पनि पहल ।
- संसद्मा विचाराधीन रहेका भ्रष्टाचार निवारण ऐन र अख्तियार दुरुपयोग अनुसन्धान आयोग संशोधन विधेयकमा छलफल ।
- टीआई राष्ट्रिय च्याप्टरका कर्मचारीसँग अनुभव आदान-प्रदान गर्ने कार्यका लागि वरिष्ठ अधिकृत श्री विनोद भट्टराईको TI Cambodia मा अनुभव संकलन भ्रमण सम्पन्न ।
- संस्थाको २७ औं वार्षिक साधारणसभा २०७९ असोज ७ गते काठमाडौंमा आयोजना गर्न २१ दिने सूचना जारी ।
- २७ औं वार्षिक साधारणसभाको निर्वाचन अधिकृतमा मानार्थ सदस्य वरिष्ठ अधिवक्ता श्री कृष्ण प्रसाद भण्डारीलाई नियुक्ति ।
- आर्थिक वर्ष २०७९/०८० का लागि लेखा-परीक्षकको रुपमा Chartered Accountant PM and Associates (Parash Mani Aryal) लाई प्रस्ताव गर्न स्वीकृति ।
- ट्रान्सपरेन्सी इन्टरनेशनलसँग यस संस्थाको National Chapter आवद्धता नवीकरण ।
- संस्थाको आगामी ५ वर्षे रणनीतिको मस्यौदा कार्यसमिति बैठकमा छलफल गरी साधारणसभामा पेश गर्ने तयारी ।

### घ. नेपाल सरकारलाई सुझाव

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालद्वारा 'सरकारप्रतिको जनविश्वास : केही विवेचना' विषयक छलफलमा उठान भएका विषयहरू समेटिएको एक सुझाव-पत्र सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय श्री ज्ञानेन्द्र बहादुर कार्कीलाई भेटी नेपाल सरकारको ध्यानाकर्षणका लागि हस्तान्तरण गरिएको छ । नीति-निर्माणमा आम-जनताको सहभागिता, सार्वजनिक सेवा-सुविधाको गुणस्तर प्रवर्द्धन, महंगी नियन्त्रण, आर्थिक स्वच्छता, योजना निर्माण र कार्यान्वयनको निरन्तरतालाई विशेष ध्यान दिनुपर्नेजस्ता विषयमा सुधारका लागि अनुरोध गरिएको छ ।

### ङ. आगामी वर्षका योजना

**नयाँ रणनीतिक योजना**

यस वर्ष कार्यसमितिले नयाँ रणनीतिको खाका तयार गर्न विभिन्न चरणमा ससस्यहरूका सुझाव संकलन गरी सन् २०२३ देखि २०२७ सम्मको संस्थाको रणनीतिक योजना तयार गरेको छ। योजनाका मुख्य ३ दिशा रहेका छन् :

- रोकथाम र कार्यान्वयन
- नागरिक र साझेदार
- संस्था र प्रभाव

यो रणनीतिक योजनाको खाका २७ औं साधारणसभामा प्रस्तुत गरिनेछ। सभाबाट निर्वाचित कार्यसमितिद्वारा योजनालाई अन्तिम रुप दिने अपेक्षा गरिएको छ।



रणनीतिक योजना छलफलमा टीआई नेपाल परिवार

**परियोजना निरन्तरता** (२०७९/०८०)

भ्रष्टाचार विरुद्धको अभियानको निरन्तरताका लागि निम्न कार्यहरू आगामी वर्षमा (२०७९/०८०) जारी राखिनेछ।

- 'सामाजिक जवाफदेहिता र सदाचारका लागि सहकार्य' परियोजनालाई निरन्तरता दिने।
- नयाँ परियोजनाका लागि संस्थाले विभिन्न दाताहरूसँग छलफल तथा बैठक सम्पन्न गर्ने।

### च. ट्रान्सपरेन्सी इन्टरनेशनलसँगको आवद्धता नवीकरण

ट्रान्सपरेन्सी इन्टरनेशनलसँग यस संस्थाको National Chapter को ३ वर्षे आवद्धता सन् २०२२ मा नवीकरण भएको छ। उक्त संस्थाले तय गरेको मूल्यांकनको प्रक्रिया पूरा गरी आवद्वता प्राप्त भएको हो। ट्रान्सपरेन्सी इन्टरनेशनलसँग आवद्ध भएपश्चात् संस्थाको दिगोपनाको लागि नयाँ स्रोतको खोजी, स्रोतको कमीबाट संस्थाको गतिशिलतामा आउन सक्ने कमीको न्यूनीकरण, संस्थाभित्रै गुनासो संयन्त्रको व्यवस्था, लैंगिक सन्तुलन र समितिमा उमेरको सन्तुलनजस्ता विषयमा सुझाव प्राप्त भएकोतर्फ समितिको ध्यानाकर्षण भएको छ।

### छ. २७ औं साधारणसभाको तयारी

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालको २७ औं साधारणसभा २०७९ असोज ७ गते काठमाडौंमा आयोजना हुँदैछ। संस्थाका ७२ मध्ये ६ मानार्थ र ६६ सदस्यको उपस्थितिका लागि कार्यसमितिद्वारा २१ दिने सूचना जारी गरिएको छ। वर्तमान अध्यक्षलगायत ८ समिति सदस्यको दुई वर्षे कार्यकाल सभामा समाप्त हुने हुँदा निर्वाचन हुने कार्यसूची रहेको छ। सभाको निर्वाचन अधिकृतको रुपमा संस्थाको मानार्थ सदस्य तथा वरिष्ठ अधिवक्ता श्री कृष्ण प्रसाद भण्डारीलाई नियुक्त गरिएको छ। सभाले संस्थाको वार्षिक प्रतिवेदन र आर्थिक प्रतिवेदनउपर छलफल गरी स्वीकृति गर्नेछ। सभाले आगामी आर्थिक वर्षको लागि लेखा-परीक्षक पनि नियुक्त गर्नेछ। २७ औं साधारणसभामा कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूमध्ये श्री बुद्धि नारायण श्रेष्ठ, श्री मुकुन्द बहादुर प्रधान, श्री किरण थापा, श्री कृष्ण ज्ञवाली र श्री आर्या श्रेष्ठको २ वर्षे २ कार्यकाल पूरा हुनेछ र श्री पद्मिनी प्रधानाङ्ग, डा. सागर राज शर्मा, श्री मदन कृष्ण शर्मा, श्री राष्ट्रिय व्यावसायिक पहलको २ वर्षे १ कार्यकाल पूरा हुनेछ।

## २.२ प्रेश वक्तव्यमार्फत वकालत

यस संस्थाले विगत वर्षहरूमा जस्तै भ्रष्टाचार विरुद्ध र सदाचारका पक्षमा निरन्तर पैरवी गरेको छ। कार्यसमितिद्वारा यस वर्ष प्रेस वक्तव्यमार्फत निम्न विषय उठाई सुधारका लागि सरोकारवालाको ध्यानाकर्षण गराइएको छ :

### क. स्वतन्त्र र स्वच्छ मतदान सुनिश्चित गरौं; धम्की र लोभलालचको भर्त्सना गरौं

ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल आसन्न निर्वाचन शान्त र भय-त्रासमुक्त वातावरणमा सम्पन्न हुन जरुरी छ भन्ने सर्वमान्य सिद्धान्तमा विश्वास गर्दछ। मतदाताले कुनै डर, लोभ वा गलत सूचनाबाट प्रभावित नभई स्वतन्त्ररुपमा आफूले चाहेको उम्मेदवारलाई मतदान गर्न पाउनु पर्दछ। जिम्मेवार व्यक्तिहरूबाट निर्वाचनको प्रत्येक चरणमा सही र निष्पक्ष सूचना नागरिकसमक्ष प्रवाह गरिनु पर्दछ। निर्वाचनको माध्यमबाट लोकतन्त्र सुदृढ गर्नुकासाथै राजनीतिक व्यवस्था र दलहरूप्रतिको आस्था कायम राख्न प्रत्येक मतदाताले स्वतन्त्ररुपमा आफ्नो स्थानीय सरकार प्रतिनिधि चुन्न पाउनु पर्दछ। तसर्थ, आफूलाई उपयुक्त लाग्ने, सक्षम र योग्य व्यक्तिलाई मात्र आफ्नो अमूल्य भोट दिई आफू र आफ्नो क्षेत्रको विकास सुनिश्चित गर्न सम्पूर्ण मतदातालाई जोडदार आग्रह गरिएको छ।

## ख. स्थानीय तह निर्वाचन २०७९ को सन्दर्भमा ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको आह्वान

नेपालको संविधानअनुसार देशका ७५३ स्थानीय तहको निर्वाचन सबै नेपालीका लागि अत्यन्त महत्वपूर्ण हुँदा निर्वाचनलाई सफल, सार्थक, निष्पक्षकासाथै भय, त्रास र धाँधलीरहित स्वच्छ बनाई सम्पन्न गर्न/गराउन सम्बन्धित पक्षहरूलाई आह्वान गरिएको छ :

निर्वाचन पूर्व, निर्वाचनको (मतदानको) चरणमा र निर्वाचनपछि पनि मुलुकभर शान्ति र व्यवस्था कायम गर्दै आम-नागरिकसँग सम्बन्धित जनस्वास्थ्य र आपूर्ति व्यवस्था कायम राख्दै साना/ठूला सबै दल, उम्मेदवारहरूकासाथै मतदातासमेतलाई शान्तिपूर्वक र भय, त्रासमुक्त वातावरणमा स्वतन्त्र अभिमत व्यक्त गर्न सक्ने वातावरण कायम राख्न संघ र प्रदेश सरकारहरूलाई आह्वान गर्दछ। निर्वाचन पूर्व मतदाता शिक्षा र मतदान केन्द्रहरूको उपयुक्त व्यवस्थाका अतिरिक्त सहजरुपमा आम-मतदाताको निर्भयतापूर्वक मतदान गर्न पाउने वातावरण बनाउनुकासाथै मतगणना र नतिजा घोषणासमेतमा सहज र विश्वसनीय व्यवस्था मिलाउन निर्वाचन आयोगलाई विशेष आह्वान गर्दछ। उपयुक्त, सक्षम, सेवामुखी र योग्य उम्मेदवारलाई छनौट गर्न (टिकट दिन), निर्वाचन आचार-संहिताअनुकूल सभ्य र शिष्ट प्रचार-प्रसारको शैली अवलम्बन गर्न, मतदान, मतगणना र परिणाम घोषणापछि सभ्य र जिम्मेवारीपूर्ण व्यवहार गर्न गराउन राजनीतिक दलहरूलाई आह्वान गर्दछ। उम्मेदवारहरूले मतदान पूर्व, मतदानको समयमा, मतगणनाको समयमा र निर्वाचन परिणाम घोषणापछि पनि संयमित र उच्च आचरण प्रस्तुत गर्नुकासाथै मतदातामा डर, त्रास, भ्रम वा लोभ-लालचमा नपारी निर्भयतापूर्वक आफ्नो स्वतन्त्र अभिमत व्यक्त गर्न सक्ने वातावरण बनाउन आह्वान गर्दछ। लोकतन्त्रले दिलाएको यस महत्वपूर्ण घडीमा सबै मतदाताले लोभ-लालच, स्वार्थ नभएका र उच्च नैतिक आचरण भएका सक्षम व्यक्तिलाई मतदान गर्न नसके पछिल्ला दिनहरूमा पश्चाताप गर्नुपर्ने हुन्छ। आफ्नै हातले आफू र आफ्ना सन्ततीको भविष्य सुनिश्चित गर्ने यो अवसरमा नचुक्न आम-मतदातालाई आह्वान गर्दछ। निर्वाचनको क्रममा आफूलाई मन परेका उम्मेदवार वा दललाई चन्दा, सहयोग दिन चाहने उद्योगी, व्यवसायी वा अन्य व्यक्तिहरूले समेत आफूले दिएको सहयोग पारदर्शी पार्न र निर्वाचन आचार-संहिता प्रतिकुल कुनै सहयोग नदिन पनि अनुरोध गर्दछ। स्थानीय तहको आगामी निर्वाचनको प्रत्येक चरणमा लोकतन्त्रको पहरेदारको रुपमा सञ्चारजगत्ले निर्वाचन आचार-संहिताको पालना, उपयुक्त उम्मेदवार छनौट, मतदाताको भूमिका र मनोबलमा सकारात्मक समाचार सम्प्रेषण गर्न/गराउन आह्वान गर्दछ।

## ग. नेपाल भ्रष्टाचार व्याप्त मुलुक - CPI 2021

विगत १ वर्ष (सन् २०२०/२१) मा विश्व बैंक, वर्ल्ड इकोनोमिक फोरम, ग्लोबल इनसाइट, वर्टेल्सम्यान फाउन्डेशन, वर्ल्ड जस्टिस प्रोजेक्ट, र भीडीईएमसमेत गरी ६ वटा संस्थाद्वारा गरिएका सर्वेक्षणका आधारमा सीपीआई २०२१ मा नेपाललाई १०० मा ३३ अंक (११७ औं स्थान) दिइएको छ। यसअनुसार नेपाल भ्रष्टाचार व्याप्त मुलुकहरूको श्रेणीमै रहेको छ। अघिल्लो र यस वर्ष नेपालको स्कोर स्थीर रहनुमा भ्रष्टाचार नियन्त्रणमा केही प्रगति हुन नसकेको रुपमा लिन सकिन्छ। सीपीआई २०२१ मा नेपालका लागि समाविष्ट विभिन्न ६ संस्थाका सर्वेक्षणले सार्वजनिक क्षेत्रमा भ्रष्टाचार र अधिकारको दुरुपयोग कायम रहनु, व्यापार व्यवसायमा घूसखोरी रहनु, कारबाहीमा कमी हुनु, सूचनामा नागरिकको पहुँचमा कमी हुनु, राजनीतिक भ्रष्टाचार नियन्त्रण नहुनुजस्ता संदेश दिएको छ। सार्वजनिक पदाधिकारीमाथि प्रश्न, अन्तरदेशिय भ्रष्टाचार नियन्त्रण, शक्ति नियन्त्रण र सरकारी खर्चको पारदर्शिता बढाउन पनि सुझाव दिएको छ। भ्रष्टाचारको विरोध तथा मानवअधिकार प्रवर्द्धन गर्न सरकारहरूलाई अपिल गर्दै सम्पूर्ण नागरिकलाई परिवर्तन माग गर्न ऐक्यवद्ध हुन अपिल पनि गरिएको छ।

## घ. भ्रष्टाचार विरुद्धको कदम सशक्त बनाऔं

दशकौंदेखि विभिन्न सरकार परिवर्तनका बावजुद पनि नेपालमा भ्रष्टाचार नियन्त्रणको एजेन्डाले उचित प्राथमिकता पाउन सकेको छैन। अघिल्लो सरकारको पालामा भ्रष्टाचारसम्बन्धी केही काण्डहरू सार्वजनिक हुँदा पनि त्यसमा सम्बद्ध संवैधानिक र सरकारी पक्षहरूबाट यथोचित अनुसन्धान र कारबाही हुन सकेन। सन् २०२० मा जारी भएको Corruption Perception Index र Global Corruption Barometer Asia ले नेपालमा राजनीतिक भ्रष्टाचार र पदको दुरुपयोग प्रमुख समस्याको रुपमा रहेको देखाएको थियो। तर, यसतर्फ विगत तथा नयाँ सरकार गम्भीर भएको महसूस भएको छैन। आउँदा दिनहरूमा भ्रष्टाचार विरुद्धको महासन्धीअनुकूल देशका कानून निर्माण र भएका कानूनहरूको यथोचित कार्यान्वयन गर्नु जरुरी छ। यसैगरी, आसन्न निर्वाचनलाई स्वच्छ र पारदर्शी बनाउन कानूनी सुधारसहित निर्वाचन आचार-संहितामा कडाई गरिनु पर्दछ। यसतर्फ राजनीतिक दलहरूलाई आफै प्रतिवद्ध हुन अपिल गरिएको छ।

## ङ. न्यायपालिकाको गरिमा कायम गरियोस्

सर्वोच्च अदालतका प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर जबरासँग सम्बन्धित विवादका कारण उत्पन्न परिस्थितिले न्याय सम्पादनमा गम्भीर अवरोध सिर्जना भएको र न्यायपालिकाको आस्थामाथि नै प्रश्नचिन्ह खडा भएको छ। न्यायपालिकामा हुने विकृति र विसंगतिबारे विभिन्न समयमा सर्वोच्च अदालत र नेपाल बारबाट पेश भएका अध्ययन प्रतिवेदनले ढिलो कार्य सम्पादन,

प्रभावित निर्णय, पदीय दुरुपयोग, विचौलियाको प्रयोग र भ्रष्टाचारजस्ता समस्या रहेको तथ्य उजागर गरेको अवस्थामा यसतर्फ सुधारको प्रभावकारी कार्यान्वयन गर्नुको साटो हालै प्रधान न्यायाधीशले कार्यपालिकाको नियुक्तिमा भागवण्डा लिएको, न्यायाधीशहरूले विरोधस्वरुप बेञ्च बहिष्कार गरेको, नेपाल बारबाट प्रधान न्यायाधीशको राजीनामा माग भएको आदिजस्ता समाचार प्रकाशित हुनु निश्चय नै गम्भीर विषय हुन् । न्यायपालिकालाई स्वच्छ र पारदर्शीरुपमा गतिशील बनाई न्यायपालिकाको गरिमा कायम राख्न अपिल गरिएको छ ।

### च. आयकर ऐन संशोधन प्रस्ताव तुरुन्त फिर्ता लिइयोस्

संसद्मा पेश गरिएको 'आर्थिक आयकर ऐन, २०५८ संशोधन प्रस्तावमा आयस्रोत खोजिने छैन' भन्ने व्यवस्था प्रस्ताव गरिएकामा गैर-कानुनीरुपमा मुलुकभित्र वा बाहिर उच्च राजनीतिक, प्रशासनिक र व्यावसायिक व्यक्तिहरूबाट भ्रष्टाचार वा कर छली गरी लुकाइएको कालो धन वैध बनाउन सहयोग पुऱ्याउने यो प्रस्ताव स्वीकृत भएमा यसले भ्रष्टाचारलाई प्रश्रय दिने, कर छली बढाउने, नियमित करदातालाई निरास बनाउने, कालो सम्पत्ति शुद्धीकरण तथा निर्मलीकरण हुन जाने र नीतिगत भ्रष्टाचारको नमूना हुने निश्चित छ । नव-गठित सरकारसँग जनमानसले भ्रष्टाचार नियन्त्रण र कालो धन विरुद्ध सशक्त कारबाहीको अपेक्षा गरेको बेला केही निहित स्वार्थ समूहलाई हित हुने गरी ल्याइएको यो प्रस्तावले देउवा सरकारको साझा कार्यक्रमको भ्रष्टाचार विरोधी प्रतिवद्धताको खिल्ली उडाएको छ । यस्तो प्रस्ताव तुरुन्त फिर्ता लिन सरकारका प्रमुख दल र तिनका साझेदार राजनीतिक दलहरूलाई जोडदार माग गरिएको छ ।

## २.३ परियोजना गतिविधि

भ्रष्टाचार न्यूनीकरण गर्न संस्थाले यस वर्ष दुई परियोजनामार्फत विभिन्न गतिविधिहरू सञ्चालन गरेको छ ।

### क. जलवायु परिवर्तनसँग सम्बन्धित कार्यमा सुशासन र सदाचार (सीजीआई) (Climate Governance Integrity)

केन्द्रीय/प्रादेशिक/स्थानीय सरकार, नागरिक समाज तथा सम्बन्धित सरोकारवालाहरूको संलग्नतामा जलवायु परिवर्तनको क्षेत्रमा सुशासन कायम गर्न र वित्तीय पारदर्शिता अभिवृद्धि गर्न टीआईको सहयोगमा यो परियोजना सञ्चालन भइरहेकोमा २०७८ पुस महिनामा अन्तः भएको छ । आर्थिक वर्ष २०७८/०७९ मा सम्पन्न परियोजना गतिविधि :

| क्र.सं. | गतिविधि (साउन २०७८ – पुस २०७८) | जम्मा |
|---|---|---|
| १. | जलवायु परिवर्तनसम्बन्धी असर न्यूनीकरण एवं अनुकूलन, जलवायु वित्तसम्बन्धी नीति तथा योजनाका बारेमा केन्द्र/प्रदेश सरकारसँग छलफल | ३ |
| २. | जलवायु परिवर्तन न्यूनीकरणका लागि स्थानीय सरकारसँग गरिएको पहल | ७ |
| ३. | जलवायु परिवर्तनका कारण प्रत्यक्ष असर देखिएका क्षेत्रहरूको अवलोकन र प्रतिवेदन तयार | १ |
| ४. | जलवायु परिवर्तनसम्बन्धी पत्रकारहरूसँग बैठक | ३ |
| ५. | जलवायु परिवर्तन न्यूनीकरण र वातावरणीय विषय समाधानमा विद्यार्थीहरूको भूमिका | १ |
| ६. | जलवायु परिवर्तन र वातावरण सम्बन्धित गुनासो संकलन | ५ |
| ७. | जलवायु परिवर्तनसम्बन्धी संस्थागत सामाजिक उत्तरदायित्व प्रोत्साहनका लागि निजी क्षेत्रहरूसँग छलफल | ३ |
| ८. | अध्ययन प्रतिवेदन तथा प्रकाशन | २ |
| ९. | जलवायु परिवर्तन तथा वातावरण समस्यासम्बन्धी जनचेतनाको विषयमा श्रव्यदृश्य सामग्रीको निर्माण एवं प्रसारण | ३ |
| १०. | नेपालमा जलवायु परिवर्तनसम्बन्धी डकुमेन्ट्री निर्माणमा सहयोग | १ |
| ११. | जलवायु परिवर्तन र वातावरण सम्बन्धित चित्रकला र वार्षिक क्यालेन्डर प्रकाशन | १ |
| १२. | अन्तर्राष्ट्रिय भ्रष्टाचार विरुद्धको दिवस (डिसेम्बर ९) कार्यक्रम | १ |
| १३. | होर्डिङ बोर्ड | १ |
| १४. | जिल्ला गतिविधि केन्द्रित क्षमता अभिवृद्धि कार्यक्रम | २ |
| १५. | हिउँ तथा नदी-नालामा जलवायु परिवर्तनको प्रभावसम्बन्धी अवलोकन प्रतिवेदन | १ |
| १६. | आईसी सामग्रीको प्रकाशन | १ |
| | **जम्मा गतिविधि** | ३६ |

## ख. सामाजिक जवाफ देहिता र सदाचारका लागि सहकार्य (टीसाई) (Together for Social Accountability and Integrity)

सन् २०२० मा टीआईको सहयोगबाट सार्वजनिक क्षेत्रमा जवाफदेहिता, सुशासन र सदाचार अभिवृद्धि गर्न सरकार, नागरिक समाज र निजी क्षेत्रसँग सहकार्य गर्न यो बहुआयामिक परियोजना सञ्चालनमा ल्याइएको छ। यो परियोजना सन् २०२३ मा अन्त: हुनेछ। आर्थिक वर्ष २०७८/०७९ मा सम्पन्न परियोजना गतिविधि :

| क्र.सं. | गतिविधि (साउन २०७८ - असार २०७९) | जम्मा |
|---|---|---|
| १. | सीमान्तकृत/न्यून आय भएका नागरिक/महिला समूहहरूसँग अन्तरक्रिया/छलफल | ३ |
| २. | जोखिम वर्गहरूका लागि सेवामा विशेष पहुँचका लागि स्थानीय निकायहरूसँग छलफल | १ |
| ३. | उच्च माध्यमिक तहमा अध्ययनरत विद्यार्थीबीच शिक्षामा सदाचार विषयक प्रस्तुति (३) तथा निबन्ध प्रतियोगिता (१) | ४ |
| ४. | गुनासो संकलन (मोबाइल एलाक) | १ |
| ५. | सहायता कक्ष सञ्चालन | १ |
| ६. | एफ.एम. रेडियो तथा टेलिभिजनसँग सम्झौता (रेडियो नेपाल, रेडियो सगरमाथा, नेपाल टेलिभिजन) | ३ |
| ७. | सार्वजनिक स्थानमा सूचनासहितको होर्डिङ बोर्ड | ४ |
| ८. | सामाजिक जवाफदेहिताका औजारको प्रयोगसम्बन्धी सरकारी कार्यालयमा फलोअप तथा डेटा संकलन (१४ जिल्ला) | २ |
| ९. | शिक्षा क्षेत्रको आय व्यय विवरण संकलन (ललितपुर महानगरपालिका) | १ |
| १०. | सरकारी विद्यालय भवन अवलोकन तथा छलफल | २ |
| ११. | विद्यालयहरूसँग संयुक्तरुपमा छलफल | २ |
| १२. | व्यावसायिक आचार-संहिताबारे छलफल (नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग वाणिज्य संघ) | ४ |
| १३. | बजार अवलोकन तथा छलफल | १ |
| १४. | आवद्ध संस्थाहरूसँग छलफल | १ |
| १५. | अनुभव तथा विशेषज्ञता आदान/प्रदानका लागि टीआई च्याप्टर (कम्बोडिया) भ्रमण | १ |
| १६. | सार्वजनिक खरिदमा स्वच्छता विषयमा प्रदेश सरकारसँग छलफल | २ |
| १७. | दिगो विकाससँग सम्बन्धित नीति/नियममा छलफल (अनलाइनमार्फत) | १ |
| १८. | सार्वजनिक सेवाप्रवाहसम्बन्धी सर्वेक्षण/डेटा संकलन (१४ जिल्ला) | २ |
| १९. | सामाजिक जवाफदेहिता र सदाचारका लागि सहकार्यसम्बन्धी धारणा, समस्या तथा सुझाव संकलन | १ |
| २०. | Earth Day (पृथ्वी दिवस) को सन्दर्भमा स्ट्रीट पोल | १ |
| २१. | स्वास्थ्य सम्बन्धित सार्वजनिक खरिदका विषयमा डेटा संकलन (१४ जिल्ला) | १ |
| २२. | डेटा संकलनसम्बन्धी जिल्लाका स्वयंसेवकहरूसँग अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम | १ |
| २३. | स्वयंसेवी अभिमुखीकरण कार्यक्रम | १ |
| २४. | सरकारप्रतिको जनविश्वास : केही विवेचना विषयक छलफल | १ |
| २५. | रणनीतिक योजना २०२३-२०२७ मा छलफल | २ |
| २६. | समस्या/गुनासो समाधान तथा अन्य विषयमा पत्राचार, प्रेस विज्ञप्ति | ५ |
| | **जम्मा गतिविधि** | ४९ |

# फोटो फिचर


टीआई नेपालको २७ औं स्थापना दिवस, काठमाडौं


सरकारप्रतिको जनविश्वास : केही विवेचना, काठमाडौं


सार्वजनिक खरिद विषयमा छलफल, हेटौंडा


परियोजना गतिविधि सम्बन्धमा जिल्ला प्रतिनिधिसँग छलफल, पोखरा


आवद्ध संस्था भेला, चितवन


अध्ययन प्रतिवेदन सार्वजनिकीकरण, काठमाडौं


सार्वजनिक कार्यालयमा भेट, काठमाडौं


टीआई कम्बोडियामा अनुभव आदान-प्रदान भ्रमण, नोम पेन

उल्लेखित परियोजनाअन्तर्गत सम्पन्न भएका विविध गतिविधिहरू मुख्यरुपमा निम्न शिर्षकअन्तगर्गतका छन् :

### क. सभा सम्मेलन, छलफल, तालिम, अनुभव आदान/प्रदान

यस वर्ष पनि सदाचार अभिवृद्धि र सामाजिक जवाफदेहिता र जलवायु परिवर्तन विषयसँग केन्द्रित रही संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारकासाथै उद्योगी-व्यवसायी, बैंक, पत्रकार, गैर-सरकारी संस्था, विद्यार्थी, स्वयंसेवी, प्राविधिक, पीडित, सेवाग्राही, सिमान्तकृत समुदाय तथा सम्बन्धित सरोकारवाला आदिसँग छलफल तथा भेटघाटकासाथै अन्तरक्रिया, सभा/सम्मेलन र अभिमुखीकरण आयोजना गरिएको छ । टीआई नेपाल र केही नगरपालिकाबीच पुनःनिर्माण, विपद् व्यवस्थापन, कोभिड-१९ सम्बन्धमा गरिएको सदाचार प्रतिवद्धता कार्यान्वयनका सम्बन्धमा अनुगमन समितिको बैठक सम्पन्न भएको छ । ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालका वरिष्ठ अधिकृतले अनुभव आदान/प्रदान गर्न ट्रान्सपरेन्सी इन्टरनेशनल कम्बोडियाको भ्रमण गर्नुभएको छ ।

### ख. अध्ययन अनुसन्धान

यस वर्ष जलवायु परिवर्तनसँग सम्बन्धित ३ अध्ययन सम्पन्न भएको छ । Climate Change in Himalayan Cryosphere अध्ययन प्रतिवेदन सार्वजनिक गरिएको छ । ट्रान्सपरेन्सी इन्टरनेशनलद्वारा विश्वभर एकैदिन जारी गरिएको 'Corruption Perception Index 2021' नेपालमा पनि सार्वजनिक गरिएको छ । Gender Equality Social Inclusion in Climate Finance Governance in Nepal र Climate Change Advocacy in Nepal सम्बन्धी अध्ययन सम्पन्न गरिएको छ । यसैगरी, UN Convention against Corruption (UNCAC) सम्बन्धी एक अध्ययन हाल जारी रहेको छ ।

### ग. सन्देश सम्प्रेषण

संस्थाले नेपाल टेलिभिजन, रेडियो नेपाल, रेडियो सगरमाथालगायतबाट जनहितमा जारी डकुमेन्ट्री, छोटो सन्देश प्रचार-प्रसार गरिएको छ । यस्ता सन्देश सार्वजनिक सेवाप्रवाहमा सबैको पहुँच, पारदर्शी खरिद, जवाफदेहिता अभिवृद्धि, निर्वाचनसम्बन्धी जनचेतनामूलक सन्देश र जलवायु परिवर्तन नियन्त्रणसम्बन्धी रहेका छन् । यस्तै, प्रकारका सन्देश राष्ट्रिय दैनिक पत्रिकाहरूमा प्रकाशन गर्नुकासाथै परियोजनासम्बन्धी पर्चा ब्रोसर तथा नोटबुक छापेर वितरण गर्ने कार्य गरिएको छ । DW जर्मन टीभीमा पनि संस्थाको जलवायु परिवर्तनसम्बन्धी गरेको कार्यबारे डकुमेन्ट्री प्रसारण गरिएको छ ।

### घ. अवलोकन, अनुगमन, मापन

सरकारी कार्यालयमा सामाजिक जवाफदेहिताका औजारको प्रयोग सम्बन्धमा १४ वटा जिल्लामा अवलोकन सम्पन्न भएको छ । अवलोकनमा प्राप्त तथ्यांकहरू सम्बन्धित जिल्ला प्रशासनमार्फत कार्यालय प्रमुखहरूलाई ध्यानाकर्षण गराइएको छ । यसैगरी, सार्वजनिक सेवा सम्बन्धमा १४ जिल्लामा अवधारण सर्वेक्षण सम्पन्न गरिएको छ । सरकारीस्तरका विद्यालयको बजेटको कार्यान्वयनको स्थिति बुझ्न पुनःनिर्माण भइरहेका विद्यालयको प्राविधिक अवलोकन र तथ्य टिपोटकासाथ सुधार गर्नुपर्ने पक्षबारे सम्बन्धित पक्षलाई धारणा प्रदान गरिएको छ । जलवायु परिवर्तनका असरबारे प्रभावित केही क्षेत्रको नमूना अवलोकन गरी परेको असरबारे समुदायहरूको धारणा संकलन गरिएको छ । जिल्ला प्रशासन र स्थानीय सरकारको सहयोगमा बजारमूल्य र गुणस्तर निरीक्षण सम्पन्न भएको छ ।

### ङ. गुनासो संकलन, सार्वजनिक सुनुवाइ

भ्रष्टाचार, अनियमिता, सेवाप्रवाह, ढिलासुस्तीजस्ता समस्याबारे नागरिकको धारणा बुझ्न सरोकारवाला संघीय वा स्थानीय सरकारका कार्यालयहरूसँग समन्वय गरी सहायता कक्ष, गुनासो संकलन र सार्वजनिक सुनुवाइ सम्पन्न भएका छन् । कार्यक्रमहरूमा संकलित गुनासो मूलतः सार्वजनिक सेवा र जलवायु परिवर्तनसँग सम्बन्धित रहेका छन् । प्राप्त गुनासो सम्बन्धित सरकारी कार्यालयहरूसँग समन्वय गरी सहजीकरण गरी पीडितलाई मद्दत गरिएको छ ।

### च. विद्यार्थी तथा स्वयंसेवी अभिमुखीकरण

विद्यार्थी तथा युवावर्गको भ्रष्टाचार विरोधी अभियानमा रहने भावी योगदानलाई मध्यनजर गर्दै अभिमुखीकरण गरिएको छ । त्यस्ता विद्यार्थीलाई संस्थाको कार्यमा स्वयंसेवीको रुपमा संलग्न गराई कार्यगत पक्षको पनि थप ज्ञान दिइएको छ । त्यस्तै, जलवायु परिवर्तन, सामाजिक जवाफदेहिता र भ्रष्टाचार नियन्त्रणमा केन्द्रित विद्यालय र क्याम्पसस्तरका विद्यार्थीहरूबीच निबन्धलेखन प्रतियोगिता गरी पुरस्कारसमेत वितरण गरिएको छ । त्रिभुवन विश्वविद्यालयले सञ्चालन गरेको भ्रष्टाचार विरुद्धको अध्ययन केन्द्रलाई संस्थाको प्रकाशन हस्तान्तरण गरिएको छ । त्यहाँ अध्ययनरत विद्यार्थीहरूलाई संस्थाका विज्ञ प्रतिनिधिमार्फत सदाचार सम्बन्धमा अतिथि कक्षा सञ्चालन गरिएको छ ।

### छ. पिछडिएका वर्ग, महिला भेटघाट

सरकारको नियमित सेवाप्रवाहबाट बाहिर रहने तथा सभा-सम्मेलनमा प्रायशः संलग्न नहुने पिछडिएका वर्ग, महिला, न्यून आय भएका र बृद्धहरूसँग सरकारी सेवाप्रवाहमा केन्द्रित रहँदै समस्या संकलन गरिएको छ । प्राप्त समस्या सम्बन्धित नियमन निकाय तथा स्थानीय सरकारलाई ध्यानाकर्षण गरिएको छ ।

### ज. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस कार्यक्रम

अन्तर्राष्ट्रिय भ्रष्टाचार विरुद्धको दिवस (डिसेम्बर ९), विश्व वातावरण दिवस (जुन ५), पृथ्वी दिवस (अप्रिल २२) जस्ता अवसरमा सार्वजनिक स्थलमा ऱ्याली, गुनासो तथा सुझाव संकलन, पर्चा वितरण कार्यहरू सम्पन्न गरी भ्रष्टाचार विरुद्ध ऐक्यवद्धता जनाउने कार्यहरू गरिएको छ ।

## ३. आर्थिक विवरण

- आर्थिक वर्ष २०७८/०७९ मा संस्थाको कुल आम्दानी (पेश्कीसहित) रु. १ करोड ३१ लाख रहेको छ । परियोजनाका लागि मुख्य स्रोत परियोजनासम्बन्धी पेश्की सहयोग रहेको छ । यसमध्ये ट्रान्सपरेन्सी इन्टरनेशनलबाट रु. १ करोड १२ लाख पेश्कीस्वरुप प्राप्त भएको छ । परियोजनाहरूअन्तर्गत अघिल्लो आर्थिक वर्ष २०७७/०७८ बाट अघि ल्याइएको रुकम रु. १ करोड ४७ लाख रहेको छ ।
- आर्थिक वर्ष २०७८/०७९ मा खर्च रु. १ करोड १९ लाख रहेको छ । सोमध्ये कार्यक्रम र सम्बन्धित तलब खर्चमा रु. ९६ लाख, प्रशासनिक खर्चमा रु. १६ लाख र ह्रास कट्टी रकम रु. ६ लाख खर्च भएको छ । बाँकी रहेको रकम संस्थाको बैंक खाताहरूमा रहेको छ ।
- संस्थाको आफ्नै बचत करिब रु. १ करोड ८८ लाख पुगेको छ । सो रकमहरू मुद्दति तथा बचत खातामा रहेको छ ।

## ४. उपसंहार

राजनीतिक अस्थिरता र कोभिड महामारीको समयमा केही चुनौतिका बावजूद वर्षभरि सम्पन्न गतिविधिबाट भ्रष्टाचार, अधिकारको दुरुपयोग, अनियमितता, ढिलासुस्तीजस्ता विषयमा सुधारको पहल गरिएको छ । भ्रष्टाचारको प्रतिरोध गर्ने जमातको निर्माण गर्न, नागरिकलाई सुसूचित गराई आवाज बुलन्द गर्न संस्थाको पहल र पैरवीले मद्दत पुऱ्याएको छ । तर पनि एउटामात्र परियोजना सञ्चालनमा रहेको र नयाँ परियोजना नभएकाले संस्थाको क्रियाकलाप केही घटेको छ, जसले क्रियाशिलतामा असर परेको छ । भ्रष्टाचार नियन्त्रणको एजेन्डाले राज्यमा प्राथमिकता पाउन नसकेमा यस संस्थाको क्रियाशीलतामा थप अवरोध आउनेछ । कोभिड-१९ कासाथै रुस र युक्रेनको युद्धले निम्त्याएको आर्थिक संकटको कारण आउँदा दिनहरूमा दाताहरूको सहयोग घट्ने र यसले संस्थाका परियोजना गतिविधिहरूमा असर पार्नेछ । यसका लागि आगामी कार्यसमितिको थप सक्रियता आवश्यक हुनेछ । यस्तो अवस्थामा संस्थाले पाइरहेको सदस्यहरूलगायत सरकारी निकायहरू, सरोकारवाला, आवद्ध संस्था, कर्मचारी आदिको सहयोग र सद्भाव अझ बढी पाउनुपर्ने देखिन्छ ।

❑

## अनुसूची - १

# ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल आवद्ध संस्था

| प्रदेश नं. | | जिल्ला | संस्था |
|---|---|---|---|
| १ | १ | इलाम | महिला जागरण संघ |
| | २ | विराटनगर | नागरिक सरोकार मञ्च-नेपाल |
| | ३ | सुनसरी | संकल्प समुदायमा आधारित पुनर्स्थापना |
| | ४ | उदयपुर | मानवअधिकार र वातावरण विकास केन्द्र |
| **मधेश** | | - | - |
| **बागमती** | ५ | दोलखा | मानव अधिकार सचेतन तथा विकास केन्द्र |
| | ६ | चितवन | भ्रष्टाचार विरुद्ध अभियान |
| **गण्डकी** | ७ | कास्की | सुशासनका लागि नागरिक समाज |
| **लुम्बिनी** | ८<br>९ | रुपन्देही | पारदर्शी सरोकार समूह, बुटवल<br>पारदर्शी नेपाल सिद्धार्थनगर |
| | १० | गुल्मी | सुशासन अभियान |
| | ११ | बाँके | बागेश्वरी असल शासन क्लब |
| **कर्णाली** | १२ | सुर्खेत | नागरिक सरोकार संघ |
| **सुदूरपश्चिम** | १३ | कैलाली | सदाचारका लागि सामाजिक पहल |
| | १४ | दार्चुला | समाज कल्याण समाज |

## ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल

### परियोजना कर्मचारी

१. आशिष थापा, कार्यकारी निर्देशक
२. बिनोद भट्टराई, वरिष्ठ अधिकृत

### परियोजना परामर्शदाता

१. बबिता शर्मा (वित्त)
२. सारदा नेपाली (कार्यक्रम)
३. शिशोर ढोला (कार्यालय/लजिस्टिक)
४. श्याम महर्जन (डिजाइन)
५. उत्तम राउत (तथ्यांक)
६. श्यामलाल साई (मोविलिटी)